# महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको दोश्रो ( मिति २०७४/३/२२) बैठकको निर्णय

निर्णय नं १ :

आर्थिक वर्ष ०७४/०७५ मा वडाका लागि आयोजना /योजना/कार्यक्रमहरु छनौट गर्नका लागि तपशिल बमोजिमको शिलिङ्ग र मार्गदर्शन एवं प्राथमिकीकरणका आधारहरु तोक्ने ।

तपशिल:

- प्रत्येक वडाका लागि कूल वजेट ७५ लाख तोकिएको ।
- कूल रकम मध्ये ८० प्रतिशत रकम पूर्वाधार विकासका योजनाका लागि र २० प्रतिशत सामाजिक क्षेत्रका लागि छुट्याउनु पर्ने ।
- पूर्वाधार विकासका योजनाहरु ५ लाख भन्दा कमका योजना नछुट्याउने ।
- सामाजिक क्षेत्रका योजनाहरुमा १ लाख भन्दा कम विनियोजन नगर्ने ।
- २० प्रतिशत रकम बाट आर्थिक विकास , सामाजिक विकास , वातावरण तथा विपद् व्यवस्थापन ,संस्थागत विकास तथा सेवा प्रवाह एवं वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रका लागि विनियोजन गर्ने ।
- वडा भेला २५ गते सम्म सम्पन्न गरी नगरकार्यपालिकामा पेश गर्ने ।
- यस नगरपालिकाको योजना/आयोजना तर्जुमा एवं प्राथमिकिरणका आधारहरु महालक्ष्मी नगरपालिकाको आयोजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ अनुसार हुने ।